# अपि पावर कम्पनी लिमिटेड
# API POWER COMPANY LIMITED

चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली ११, काठमाडौं, नेपाल
फोन नं. ०१-५१११०९३/५६
Email: info@apipower.com.np

## सिलबन्दी बोलपत्र आह्वान् सम्वन्धी सूचना

अपि पावर कम्पनी लिमिटेडले प्रवर्द्धन गर्न लागेको सौर्य ऊर्जाको लागि नेपाल विद्युत प्राधिकरणका तपशिलका सवस्टेशनहरुमा जग्गा आवश्यक परेको हुनाले उल्लेखित सवस्टेशनबाट ३ देखि ४ किलोमिटर वरिपरिका जग्गा आवश्यक भई आएकोले इच्छुक व्यक्ति वा संस्थाले आवेदन दिन सक्नेछन् । आवेदन दिदा गोप्य (सिलबन्दी) का साथ दिन हुन अनुरोध छ । जग्गा बिक्री गर्न चाहने व्यक्ति वा संस्थाले प्रति विगाह को दर उल्लेख गर्नहुन र लिजमा दिन चाहने व्यक्ति वा संस्थाले ३० बर्षको लागि लिजमा दिन आफूले चाहेको बार्षिक भाडा प्रति विगाह का दरले रकम स्पष्ट रुपमा खुल्ने गरि उल्लेख गर्नुपर्ने छ ।

**विभिन्न सवस्टेशन र आवश्यक जग्गा:**

| सवस्टेशनहरु: | आवश्यक जग्गा: |
|---|---|
| १. परवानीपुर | २६ विगाह सम्म |
| २. सिमरा | ४ विगाह सम्म |
| ३. ढल्केवर | ४ विगाह सम्म |
| ४. चनौटा | ६ विगाह सम्म |
| ५. वर्दघाट | ४ विगाह सम्म |
| ६. कावासोती | ६ विगाह सम्म |
| ७. दुहबी | ६ विगाह सम्म |

**आवश्यक कागजातहरु:**

१. जग्गाको नक्साको फोटो कपी ।
२. लालपुर्जाको फोटो कपी ।
३. हालसालै प्रमाणित गरिएको चार किल्ला प्रमाणित गरेको फोटो कपी ।
४. संस्थाको हकमा संस्था दर्ता, करचुक्ता एवं संस्था नविकरण गरेको प्रमाणका प्रतिलिपि र व्यक्तिको हकमा व्यक्तिको नागरिकताको फोटो कपी ।
५. आफूले दिन चाहेको प्रति बिघा जग्गाको दररेट वा लिजमा दिन चाहनेले बार्षिक भाडा रकम प्रति बिघा स्पष्ट उल्लेख हुनुपर्ने ।

**जग्गाको प्रकृति:**

१. माथि उल्लेखित सवस्टेशनबाट ३ देखि ४ किलोमिटर (Arial Distance) भित्र पर्नुपर्ने ।
२. कम्तीमा १२ फिटको बाटोले छोएको हुनुपर्ने ।
३. बत्ति एवं पानीको सुबिधा भएको हुनुपर्ने ।
४. जग्गामा कुनै किसिमको बिवाद वा मुद्धा नभएको हुनुपर्ने ।
६. बाँझो जग्गा (Barran Land) लाई प्राथमिकता दिईनेछ ।

**बोलपत्र बुझाउने तरिका एवं अन्य जानकारी:**

इच्छुक बिकेता वा लिजमा दिन चाहने व्यक्ति वा संस्थाले माथि उल्लेखित कागजातहरु सिलबन्धी गरि कम्पनीको प्रधान कार्यलयमा मिति २०७३ साल बैशाख १५ गते ३ बजे भित्र बुझाउनु पर्नेछ । कम्पनीले उक्त बोलपत्रहरुबाट कम्पनीको मापदण्ड भित्र पर्ने बोलपत्र दाताहरुलाई बोलाई आवश्यक छलफल गरि निर्णय गर्नेछ । प्राप्त बोलपत्रहरु स्विकृत गर्ने वा नगर्ने अधिकार कम्पनीसँग सुरक्षित हुनेछ । कम्पनीको संचालक समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ । कम्पनीले छनौट गरेको बोलपत्रहरु मर्फत सम्बन्धित आवेदकहरुलाई जानकारी गराईनेछ । कम्पनीले सोझै जग्गाधनिहरु सँग मात्र समन्वय गर्नेहुँदा कृपया दलालहरुले कष्ट नगर्न समेत यसै सूचनाबाट जानकारी गराईन्छ । थप जानकारीको लागि कम्पनीको प्रधान कार्यलयमा सम्पर्क गर्न हुन अनुरोध समेत गरिन्छ ।

**बोलपत्र जम्मा गर्ने ठेगाना:**

**अपि पावर कम्पनी लिमिटेड**
चौथो तल्ला, ट्रेड टावर नेपाल, थापाथली ११, काठमाडौं, नेपाल
फोन नं. ०१-५१११०९३/५६
Email: info@apipower.com.np